# भगवानपुर गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड १ संख्या १४ मिति २०७७/०३/२५ गते

भाग - २

## भगावनपुर गाउँपालिका

“गाउँ कार्यपालिकाबाट जारी भगवानपुर गाउँपालिकाको करार खेती प्रर्वद्धन कार्यविधि २०७७”

# करार खेती प्रवर्द्धन कार्यविधि, २०७७

**प्रस्तावना**

खेती गर्न चाहने गरिब, महिला, भूमिहीन र न्यून आय भएका कृषकहरुलाई आयमूलक खेती गर्न प्रोत्साहन गरी उनीहरूको आयस्तर बढाउने तथा उपयोग नभएका खेतीयोग्य जमिनलाई कृषि उत्पादनमा प्रयोग गरी कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने सन्दर्भमा भगवानपुर गाँउपालिकाले करार खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न लागिरहेको छ। उक्त कार्यक्रमलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कृषि विकास मन्त्रालयबाट जारी गरिएको **"जग्गा भाडामा लिइ व्यावसायिक खेती गर्ने लक्षित समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७१"**लाई आधार मानेर यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "करार खेती प्रवर्द्धन कार्यविधि, २०७७"रहनेछ।

ख) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि भगवानपुर गाँउपालिका भर लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) **"करार खेती"** भन्नाले खेती योग्य, निजि जग्गा, सरकारी पर्ती जग्गा, गुठि, संघ संस्थाको जग्गा, नदी वा खोलाले कटान गरेको तर कृषि कार्यमा प्रयोग नभएको उर्बर जमिनलाई सम्बन्धित व्यक्ति, संस्था वा स्थानीय निकायसँग करार वा कवुलियत गरी कृषि बालीहरूको उत्पादनमा प्रयोग गर्ने भन्ने सम्झनुपर्दछ।

ख) **"सरकारी पर्ती जग्गा"** भन्नाले सरकारको स्वामित्वमा रहेको जङ्गल, बाटो, कुलो र अन्य सार्बजनिक स्थल नजिक रहेका र प्रयोगमा नआएका वा नल्याइएका जग्गालाई सम्झनुपर्दछ।

ग) **"खेती योग्य जमिन"** भन्नाले खेती गर्न सकिने र कृषि उत्पादन दिन सक्ने व्यक्तिगते वा सरकारी पर्ती जग्गालाई सम्झनुपर्दछ।

घ) **"बगर"** भन्नाले नदी वा खोला किनाराको बाढी र डुवान भएको वा हुन सक्ने जमिनलाई जनाउँदछ।

ङ) **"खेती"** भन्नाले सरकारी पर्ती जग्गा, नदी वा खोलाको बगरमा रहेको जग्गामा गरिने तरकारी, अन्नबाली, नगदेबाली वा फलफूल आदिको खेतीलाई जनाउँदछ।

छ) **“अनुदान”** भन्नाले यस कार्यविधि अनुरूप खेतीगर्न उपलब्ध गराइने सरकारी पर्ती जग्गा वा व्यक्तीको जग्गा प्रयोग गरेवापत पालीकाले तिरिदिने भाडा बराबरको रकमलाई सम्झनुपर्दछ ।

ज) **“आवेदक“** भन्नाले करार खेतीका लागि अनुदान प्राप्त गर्न पालीका समक्ष आवेदन दिएकासमूहहरुलाई जनाउँदछ ।

झ) **“अनुदानग्राही“** भन्नाले  करार खेती गर्न अनुदान पाउनका लागि छनौट भएका आवेदकलाई जनाउँदछ ।

ढ) **“समूह”** भन्नाले स्थानीय स्तरमा गठन भएर गाउँपालीकामा दर्ता भएका कृषक समूहलाई सम्झनुपर्दछ ।

### ३. कार्यक्रम सञ्चालनका उद्धेश्यहरू

कार्यक्रम देहायको उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिनेछ -

क) सरकारी पर्ती, नदी, खोला किनाराका वाव्यक्तीगत तर प्रयोगमा नआएको  खाली जमिनलाई कृषि कार्यमा उपयोग गरी कृषि बालीको उत्पादनमा वृद्धि गर्ने ।

ख) खेती गर्ने सोच भएका तर उपयुक्त जग्गाजमिन नभएका समूहहरुलाई खेर गइरहेको जमिन करारनामा गराइ कृषिलाई प्रोत्साहन गर्ने ।

ग) गरिब, न्यून आय भएका र भूमिहीन कृषकहरूलाई कृषि उत्पादनमा संलग्न गराइ उनीहरूको आय आर्जनमा वृद्धि र रोजगारीको सिर्जना गर्ने ।

## परिच्छेद - २

## कार्यक्रम सञ्चालन विधि

### ४. कार्यक्रम सञ्चालन

क) यो कार्यक्रम भगवानपुर गाउँपालिकामा सञ्चालन गरिनेछ ।

ख) यो कार्यक्रम गाउँपालिकाको वार्षिक कार्यक्रमको बजेट परिधिमा रही पालिकाभरी सञ्चालन हुनेछ र यस कार्यक्रमको योजना निर्माणमा गैर सरकारी संस्था प्रतिनिधि (कृषि) र कृषक समूह महासंघको सहयोग रहनेछ ।

### ५. प्रस्ताव माग गर्ने

क) करार खेतीमा प्रोत्साहन अनुदान प्रदान गर्न गाँउपालिकाले ३० दिने म्याद सहित प्रस्ताव आह्वान गरी अनुसूची -१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गनुपर्नेछ। उक्त सूचना पालिका मातहतको वेवसाइट र सूचना पाटीमा समेत प्रकाशित गर्नुपर्नेछ ।

ख) सूचना प्रकाशन भएपश्चात समूहले देहायबमोजिमका प्रमाणहरु संलग्न गरी अनुसूची-२ बमोजिम निवेदनको साथमा अनुसूची -३ बमोजिमको प्रस्ताव पेश गर्नुपर्नेछ ।

१) समूहको बैठकले करार खेती सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

२) कम्तिमा ५ वर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने अनुसूची - ४ अनुसारको प्रतिबद्धता पत्र ।

ग) प्रस्ताव पेश गर्दा एउटा समूहले कम्तिमा १.५ बिघा र बढिमा ४ बिघासम्मको प्रस्तावना पेस गर्न सक्ने छन् ।

घ) उपदफा (क) र (ख) बमोजिम पेश हुन आएका प्रस्तावहरू यसै गाँउपालिकाको कृषि शाखामा दर्ता गरीने छ ।

## ६. प्रस्तावको छनौट र छनौटका आधारहरु

### करार खेतीका लागी ठाउँ छनौटका आधारहरु

क) प्रचलित कानुन अनुसार दर्ता भई सञ्चालनमा रहेका कृषक समूहहरुले करार खेती प्रर्वद्धन अनुदान प्राप्त गर्न सक्ने छन् ।

ख) खेती योग्य, सरकारी पर्ती, नदी, खोला किनार, गुठि, संघ संस्था र निजि तर प्रयोगमा नआएको खाली जग्गालाई कृषि कार्यमा प्रयोग गर्नका लागी मात्र सहयोग उपलब्ध हुनेछ ।

ग) करार खेती गर्न इच्छुक समूहले पालिकासँग वा व्यक्तीसँग खेती गरिने जग्गाको करारनामा गरेको हुनुपर्नेछ ।

घ) यो कार्यविधि लागु हुनु भन्दा पहिलेदेखि करार खेती गर्दै आइरहेका समूहको हकमा भने क्षेत्रफल बिस्तारका लागि मात्र अनुदान सहयोग उपलब्ध हुनेछ ।

ङ) आवेदन पेश गर्ने समूहमा कम्तिमा ५० %महिलाको सहभागीता रहेको हुनुपर्नेछ ।

च) भूमिहिन, न्युन आय भएका, महिला, सामाजिक रुपमा पछाडी परेका वर्ग र समुदायलाई विशेष प्राथमिकता दिइने छ ।

अनुदानका लागि पेश हुन आएका दरखास्त वा प्रस्तावहरूको मूल्याङ्कन अनुसूची - ५ बमोजिमका सूचकका आधारहरूमा हुनेछ र सो सम्बन्धी व्यवस्थाका लाीग दफा ७ बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ ।

## ७. अनुगमन तथा मूल्याङ्कन समिति

क) अनुदानका लागि पेश हुन आएका दरखास्त वा प्रस्तावहरूको मूल्याङ्कन र सो सम्बन्धी व्यवस्थाका लागि पालिकामा देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ । यस कार्यविधि

अनुरूप अनुदान सम्बन्धी नीति निर्माण र अन्य समस्याहरुको निराकरण गर्ने जिम्मा यसै समितिको रहनेछ ।

| | | |
|---|---|---|
| १) | कृषिसंयोजक | संयोजक |
| २) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३) | कृषि अधिकृत/प्राविधिक, गाउँपालीका | सदस्य |
| ४) | गैर सरकारी संस्थाप्रतिनिधि (कृषि) | सदस्य |
| ५) | राष्ट्रिय कृषक समूह महासँघ | सदस्य |
| ६) | पालिका कार्यसमिति महिला सदस्य | सदस्य |
| ७) | ५ वडाका वडाध्यक्ष | सदस्य |

ख) अधिकृत स्तरको कर्मचारी नभएको खण्डमा मात्र प्राविधिकलाई समितिमा राखिने व्यवस्था हुनेछ ।

ग) समितिले आवश्यकता अनुसार विषयगत विज्ञ वा अन्य व्यक्तिलाई मुल्याङ्कन समितिमा आमन्त्रण समेत गर्न सक्नेछ ।

घ) समितिले मुल्याङ्कन गरि अधिकतम अङ्क हासिल गरेका समूहहरु मात्र अनुदानको लागि छनौट हुनेछन् ।

## ८. मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

क) यस कार्यविधिको अनुसूची - ५ को मूल्याङ्कन ढाँचा अनुरूप पेश हुन आएका प्रस्तावहरूको मूल्याङ्कन गर्ने ।

ख) स्वीकृत बजेटको परिधिभित्र रहेर कति वटा समूहलाई अनुदान उपलब्ध गराउन सकिन्छ सो यकिन गरी निर्णय गर्ने ।

ग) करार खेती अनुदानको किस्ता निकासाको लागि कृषि शाखालाई सिफारिस गर्न लगाउने ।

घ) करार खेतीको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने ।

## ९. कार्यक्रम संयोजक र निजको दायित्व

क) गाँउपालिकाले करार खेती अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि कृषि संयोजकलाई संयोजक तोकि आवश्यक जिम्मेवारी दिइनेछ ।

ख) संयोजकले आवेदनका आधारमा आफ्नो जिल्लाका बिभिन्न स्थानमा रहेका खेती योग्य सरकारी पर्ती जग्गा, बगर, गुठी र संघ संस्थाको जग्गाहरुको अवलोकन गरी क्लष्टर तयार गरी उक्त क्लष्टरहरुमा करार खेती प्रर्वद्धनमा सहयोग गर्ने ।

## परिच्छेद - ३

## अनुदान उपलब्ध गराउने विधि र सम्झौता

### १०. अनुदान उपलब्ध गराउने विधि

क) करार खेतीका लागि मुल्याङ्कन समितिबाट छनौट भएका आवेदक र पालिकाबीच अनुसूची - ६ बमोजिम द्विपक्षिय सम्झौता हुनेछ ।

ख) करार खेतीको लागि पालिकालेसम्झौता बमोजिम जग्गा वा जग्गाको भाडा बराबरको रकम उपलब्ध गराउनछ (प्रथम वर्ष ९०%, दोस्रो वर्ष ८०%, तेस्रो वर्ष ६०%, चौथो वर्ष ४०%र पाँचौ वर्ष २०%)।

ग) जग्गा भाडाको अतिरिक्त पालिकाले प्रथम बर्ष सिँचाइ, मलखाद र वीउ बीजनको लागि २ बिघा भन्दा कम जग्गा भएमा रु ४००००।- (चालिस हजार) सम्म र सो भन्दा बढि (२ -४बिघा) भएमा  रू ६००००।-( साठी हजार) सम्म अनुदान प्रदान गर्नेछ  र

घ) अनुदान रकम खेती गरिने जग्गाको क्षत्रेफलको आधारमा प्रदान हुनेछ ।

## परिच्छेद - ४

## अनुगमन र विविध

### ११. अनुगमन व्यवस्था

क) करार खेतीको अनुगमन कृषि शाखाले गर्नेछ र अनुसूचि - ७ बमोजिम अनुगमन प्रतिवेदनको आधारमा आवश्यक सरसल्लाह प्रदान गर्नेछ ।

ख) उपदफा (क) बमोजिम भएको अनुगमन तथा निर्देशन लिखित अभिलेख पालिकाले राख्नु पर्नेछ।

ग) उपदफा (क) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ

घ) अनुदानग्राहीले करार खेती सञ्चालन गरेको स्थलमा विस्तृत विवरण झल्किने खालको होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

### १२. कारवाहीको व्यवस्था

सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राहीलाई पालिकाले अनुदान रोक्का गर्न सक्नेछ। यस कार्यविधि अनुरूप प्रदान गरिएको अनुदानको दुरूपयोग गरेमा अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

**१३. <u>बाधा अड्चन र निरूपण</u>**

यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण गाँउपालिकाको कार्यपालिकाले गर्नेछ ।

**१४.<u>संशोधनः</u>** यो कार्यविधि पालिकाले आवश्यकताअनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

१५. यस कार्यविधिमा समावेश भएका कुराहरू यसै बमोजिम र समावेश नभएका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची - १

करार खेती सञ्चालनार्थ अनुदानको लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०.../..../....

यस गाँउपालिकाबाट आ.व. २०.../.... मा करार खेती अनुदान कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा करार खेती गर्न इच्छुक कृषक समूहले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित तपसिल बमोजिमका कागजातहरू र निवेदन गाँउपालिका समक्ष पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ ।

करार खेती गर्ने कार्यका लागि सम्झौता बमोजिम पालिकाले जग्गाको भाडा निम्नानुसार उपलब्ध गराउने छ (प्रथम वर्ष ९०%, दोस्रो वर्ष ८०%, तस्रो वर्ष ६०%, चौथो वर्ष ४०%, पाँचौ वर्ष २०%)।

जग्गा भाडाको अतिरिक्त सिँचाइ, मलखाद र बिउको लागि (१.५ - २.००) बिघा सम्म रु ४००००।- र (२.०० - ४.००) बिघा सम्म रु ६००००।- को दरले पालिकाले प्रथम बर्षको लागि मात्र अनुदान रकम प्रदान गर्नेछ ।

तपशिल

१. मागकोलागि निवेदनको साथमा समूह दर्ता भएको नविकरण प्रमाणपत्र र समूहका सदस्यहरुले अनुदान मागका लागि गरेको निर्णयको प्रतिलिपि एक एक प्रति ।

२. कम्तिमा ५ वर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने प्रतिबद्धतापत्र ।

३. योजना छनौट भएको खण्डमा जग्गा धनिबाट जग्गा भाडामा उपलब्ध गराउने भनि गरिएको लिखत पत्र ।

पुनश्चः निवेदन र परियोजना प्रस्ताव यस कार्यालयबाट तयार गरिएको निर्दिष्ट ढाँचा अनुसार पेश गर्नुपर्नेछ ।

थप जानकारीका लागी सम्पर्क:

भगवानपुर गाँउपालिका, सिराहा, नेपाल

# अनुसूची - २

करार खेती सञ्चालनार्थ अनुदान प्रदानको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् .................. ज्यू
मितिः

विषयः करार खेती सञ्चालनका लागि अनुदान सहयोग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यहाँ ..................बाट करार खेती सञ्चालनका लागि अनुदान उपलब्ध गराउन माग भए बमोजिम उक्त खेतीका लागि जम्मा रकम रु............................................................ अक्षरुपी ..................................................................................... बराबरको योजना तयार गरी तपसिल अनुसारका कागजात राखि यो निवेदनपेश गरेको छु ।

**निवेदक**

कृषक समूहको नामः

हस्ताक्षरः

सम्पर्क नं.

मितिः

समूहको छापः

**तपशिलः**

१.समूह दर्ता भएको नविकरण प्रमाणपत्र र समूहका सदस्यहरुले अनुदान मागका लागि गरेको निर्णयको प्रतिलिपि।

२. कम्तिमा ५ वर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने प्रतिबद्धतापत्र ।

३. जग्गा धनिबाट जग्गा भाडामा उपलब्ध गराउने लिखत पत्र ।

## अनुसुची - ३

करार खेतीसञ्चालनको लागि आवेदकले पेश गर्ने प्रस्तावको नमुना

| क्र. स. | विवरण | |
|---|---|---|
| १ | आवेदक समूहको नाम | |
| २ | समूह दर्ता भएको मिति | |
| ३ | समूहको मूख्य उदेश्य | |
| ४ | सम्पर्क न | |
| ५ | कार्य क्षेत्र | |
| ६ | परियोजनाको नाम | |
| ७ | प्रस्तावित जग्गाको क्षेत्रफल | |
| ८ | जग्गाको भाडा रकम (व्यक्ती को जग्गा भएमा, यदि सरकारी जग्गामा प्रस्ताब गरेको भए सरकारी जग्गा भनेर जनाउने) | |
| ९ | अनुदानका लागि प्रस्तावित रकम | |
| १० | करार खेती सञ्चालन गर्ने समयावधि | |

# अनुसूची - ४

## प्रतिवद्धता पत्र

................को मिति २०..../ ..../ ....को सूचनामार्फत माग भए अनुसार करार खेती सञ्चालनका लागी आवेदन पेश गरेका छौं । उक्त अनुदानको कार्यक्रम समाप्त भए पश्चात पनि करार खेतीलाई निरन्तरता दिने संकल्प गर्दछौं । यस कार्यक्रमका लागि गरिएको सम्झौता तथा कार्यविधि अनुसारको कार्य नगरेमा वा बन्द गरेको पाइएमा पालिकाबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं अन्यथा विद्यमान ऐन कानुन बमोजिम कार्वाहीको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु। इतिसंवत् २०...../ .../.....गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति :

समूहको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची - ५

करार खेतीसञ्चालनमा आवेदकलाई अनुदान रकम उपलब्ध गराउनका लागि प्रस्तावित मूल्याङ्कन फारम

| **क्र. स.** | **मूल्याङ्कनका आधारहरु** | **अङ्क** |
|---|---|---|
| क | खेती गर्ने प्रस्तावित जमिनको उपयुक्तता | (१५) |
| ख | खेती गर्ने ठाँउमा प्राकृतिक स्रोत र अन्य पुर्वाधारको उपलब्धता (पूर्वाधार भन्नाले सडक, सिँचाइ, बिद्युत, बजार आदिलाई बुझाउँदछ । | (१०) |
| ग | आवेदकको करार खेती वा भाडामा खेती अनुभव | (५) |
| घ | पिछडिएको वर्ग क्षेत्र वा जाती | (१०) |
| ङ | महिला समूह | (१०) |
| | जम्मा | (५०) |

## अनुसूची-६

## सम्झौतापत्र

१. यो सम्झौता पत्र.............................(प्रथम पक्ष) र...........................(दोस्रो पक्ष) बीच करार खेतीसञ्चालनका लागि प्रयोग हुनेछ । हस्ताक्षर भएको मितिदेखि यो सम्झौता लागू भएको मानिनेछ ।

२. दोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यक्रमहरू सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार प्रत्येक वर्ष सम्झौता बमोजिमको रकम सम्बन्धित कार्यालयबाट खटिएको प्राविधिकको स्थलगत प्रतिवेदन र कार्य प्रगतिका आधारमा उपलब्ध गराउनु पर्नेछ ।

४. प्रथम पक्षले किस्ता भुक्तानि गर्दा सम्बन्धित बिषयको प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरिक्षण गरी रकम भुक्तानी गर्नेछ ।

५. अनुदानग्राहीले परियोजनारअनुदान कार्यक्रम सञ्चालन भएको स्थानमा विस्तृत विवरण झल्किने खालको होडिङ्ग बोर्ड राख्नुपर्नेछ ।

६. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरू भने प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नाम,थर : | नाम,थर : |
| पद : | पद : |
| मिति : | समूहको नाम र छाप : |
| | मिति : |

# अनुसूची - ७

अनुगमन तथा कार्यक्रम निरन्तरताको लागि मुल्याङ्कन विधि

| क.स. | सूचक | कुल अङ्क (५०) | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | जग्गाको प्रयोग (३०) | ३० | |
| | एक बाली (१०) | | |
| | दुइ बाली (२०) | | |
| | तीन बाली (३०) | | |
| २ | खेतीमा आधुनिकिकरण (२०) | २० | |
| | परम्परागत खेती गरेको (१०) | | |
| | आधुनिक खेती गरेको (उन्नत वीउ, जैविक विधिबाट रोग किरा व्यवस्थापन, बिरुवा x बिरुवा दुरी, कम्पोस्ट मल प्रयोग) (१०) | | |

आज्ञाले,

नाम : दिलिप कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत